बस्ने क्षेत्रमा तत्काल हवाई आक्रमण बन्द गर्न आग्रह गरेका छन्। उनले अर्को छुट्टै विज्ञप्ति निकाल्दै

४० लाख मानिस भोकमरीमा फसेको आरोप लगाउँदै आएका छन्।

सातवटा अरब राष्ट्रले सरकार पुनर्स्थापनाको प्रयासका लागि हस्तक्षेप गरेका थिए।

# पाँचखाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पाँचखाल, काभ्रेपलान्चोक

## <u>सौर्य सडक बत्ती जडान सम्बन्धी बोलपत्र आव्हानको सूचना</u>

प्रथम पटक सूचना प्रकाशित मितिः २०७५/०७/१५

सौर्य सडक बत्ति जडान गर्न यस नगरपालिकाद्वारा तोकिदिएको प्राविधिक स्पेसिफिकेशन पुरा गर्न सक्ने कम्पनीहरुबाट सौर्य सडक बत्ति जडान गर्न निम्न सर्तहरुको अधीनमा रही रीतपुर्बकको सीलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

शर्तहरुः–

१) यस नगरपालिकाको नेपाल बैंक लि, पाँचखाल शाखामा रहेको संचित कोष खाता नं. १२४०३०००००००००४००१००१ मा रु ३०००/- जम्मा गरेको सक्कल भौचर वा यस नगरपालिकाको राजश्व शाखामा रु ३०००/-(फिर्ता नहुने गरि) तिरेको सक्कल रसिद संलगन राखी मिति २०७५/०८/१४ को कार्यालय समयभित्र प्राबिधिक शाखाबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२) खरिद भएको बोलपत्र फाराम फर्मले सिलवन्दी गरी खाम वाहिर आफनो फर्मको नामथर, वतन र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा मिति २०७५/०८/१६ गते दिनको १२:०० बजे भित्र दर्ता गरी सक्नू पर्नेछ । फर्मले प्राबिधिक एबम आर्थिक प्रस्ताब छुट्टाछुट्टै सिलबन्दी गरि पेश गर्नुपर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको १:०० बजे यस कार्यालयमा सरकारी प्रतिनिधी, फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । फर्मको प्रतिनिधी उपस्थित नभएमा पनि सिलवन्दी बोलपत्र खोल्न बाधा पुग्नेछैन । कारणवश सिलवन्दी बोलपत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा विदा समाप्त भए पश्चात कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्य गरिनेछ ।

३) बोलपत्र शर्त रहित केरमेट नभएको हुनुपर्नेछ यदि केरमेट भएमा केरमेट भएको ठाउँमा बोलपत्रदाताको दस्तखत र छाप भएको हुनुपर्नेछ ।

४) तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लि., पाँचखाल शाखाको धरौटी खाता नं. १२४०३०००००००००३००००००१ खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा ९० दिन म्याद भएको मान्यताप्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (विड वण्ड) संलग्न हुनुपर्ने छ ।

५) दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नु पर्नेछ । दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । बोलपत्र फारमको प्रत्येक पानामा सम्वन्धित बोलपत्रदाताको दस्तखत र फर्मको छाप अनिवार्य हुनु पर्नेछ ।

६) यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

७) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई निहित रहने छ ।

८) **बोलपत्रदाताले प्राविधिक तथा आर्थिक प्रश्तावना छुट्टाछुट्टै सिलवन्दी गरि एकै खाममा दुवै प्रस्ताब राखी सिलवन्दी गरि पेश गर्नु पर्ने छ।**

९) प्राविधिक प्रस्तावना स्वीकृत हुने बोलपत्रदाताको मात्र आर्थिक प्रस्तावना खोलिने छ।

१०) थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**<u>सिलवन्दी बोलपत्र सम्बन्धी कार्यको विवरण निम्नानुसार छ :</u>**

| सि.नं. | बोलपत्र नं. | आयोजनाको नाम | जडान गर्नुपर्ने सौर्य सडक बत्ती संख्या | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १. | ०२/२०७५/०७६ | Supply, Delivery, Installation,Testing, Commissioning and after sales servicesof Solar Street Light System at various location of Panchkhal Municipality as per Specification. | २७ | ७८०००।- | ३०००।- |